# "स्काउट आधारभूत  तालिम संचालन कार्यविधी २०७९ "

युवा तथा खेलकुद मन्त्रालय

प्रदेश खेलकुद विकास परिषद्

बागमती प्रदेश हेटौडा मकावनपुर

सदस्य सचिव

सचिव

प्रस्तावनाः

प्रदेश खेलकुद विकास परिषाद्, बागमती प्रदेशको चालु आ.व.को स्वीकृत २२५२२ खर्च शीर्षकको क्रियाकलप नं. २.७.२९.१ स्काउट कार्यक्रम संचालन व्यवस्थापन गर्न नेपाल स्काउट ऐन, २०५० को दफा २७ बमोजिम यो "स्काउट आधारभूत Basic Training Course (बि. टि. सी.) / Preliminary Training Course (पी. टि. सी.), "स्काउट आधारभूत तालिम कार्यविधी २०७९" जारी गरिएको छ ।

## परिच्छेद — १

### प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः नेपाल स्काउट, विश्व स्काउटको सिद्धान्त र मान्यता अनुरूप नेपाली बालबालिका तथा युवा वर्गलाई अनुशासित, स्वावलम्बी र सच्चरित्रवान तुल्याई सेवा भावनाको अभिबृद्धि गर्दै देश विकासको मार्गमा लाग्न अभिप्रेरित गर्ने लक्ष्य प्राप्तिकालागि अविछिन्न रुपमा कार्यरत विशुद्ध स्वयंसेवी संस्था हो।

यो "स्काउट बि. टि. सी. / पी. टि. सी. तालिम कार्यन्वयन कार्यविधी २०७९" स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. मन्त्रालय भन्नाले युवा तथा खेलकुद मन्त्रालय, बागमती प्रदेशलाई सम्झनुपर्छ ।

ख. परिषद् भन्नाले प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशलाई सम्झनुपर्छ ।

ग. नेपाल स्काउट कार्यालय भन्नाले प्रदेश स्काउट कार्यालय, बागमती प्रदेशलाई सम्झनुपर्छ ।

घ. सदस्य सचिव भन्नाले परिषद्को सदस्य सचिवलाई सम्झनुपर्छ ।

ङ. संयोजक भन्नाले बागमती प्रदेश स्काउटका संयोजकलाई सम्झनुपर्छ र उक्त शब्दले कार्यक्रम संयोजक समेत जनाउनेछ ।

च. सदस्य भन्नाले बागमती प्रदेश स्काउट समितिका सदस्यहरुलाई सम्झनुपर्छ ।

छ. समिति भन्नाले नेपाल स्काउट बागमती प्रदेश समितिलाई सम्झनुपर्छ ।

ज. स्काउट भन्नाले युवा तथा खेलकुद मन्त्रालयबाट सम्बन्धन प्राप्त नेपाल स्काउटलाई सम्झनुपर्छ ।

सदस्य सचिव

झ. प्रदेश स्काउट तथा स्थानीय स्काउट भन्नाले नेपाल स्काउटको संरचना सम्झनुपर्छ ।

ञ. स्काउट भन्नाले नेपाल स्काउटका सदस्यहरुलाई सम्झनुपर्छ ।

ट. स्काउट ट्रूप भन्नाले स्काउट प्रशिक्षार्थीहरुलाई सम्झनुपर्छ ।

ठ. तालिम भन्नाले रिक्रुट तथा स्काउट सदस्यहरुलाई दिइने स्काउट तालिम सम्झनुपर्छ।

ड. बिशेष तालिम भन्नाले नेपाल स्काउटको चार तहको एकाई नायक तालिम प्रणाली अनुसार स्काउट मास्टरले खण्डगत (कव/ब्राउनी, स्काउट ,भेन्चर र रोभर / रेन्जर) बि. टि. सि./ पि. टि. सि. आधारभूत तालिम सम्झनुपर्छ ।

ढ. दीक्षान्त भन्नाले नेपाल स्काउटको मर्यादाक्रम अनुसार संरक्षक तथा प्रमुख स्काउटलाई गराईने सपथलाई सम्झनुपर्छ।

### ३. उद्देश्यः

क. जनस्तरमा स्काउट शिक्षाको विकास गर्ने ।

ख. प्रदेश तहका स्काउटहरुको स्तर उन्नति गराई प्रोत्साहन गर्ने ।

ग. स्काउटको विकासमा योगदान पुर्याउने सहयोग गर्ने ।

घ. प्रदेशका बढी भन्दा बढी स्काउटहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्काउट कार्यक्रममा सहभागी गराइ स्काउटहरुको क्षमता अभिबृद्दी गर्दै व्यक्तिगत रुपमा पूर्ण शारीरिक, बौद्धिक, अध्यात्मिक एबम सम्बेगात्मक क्षमताको विकास गराई सच्चरित्रवान नागरिक उत्पादन गर्ने ।

## परिच्छेद — २

## आयोजना तथा व्यवस्थापन

### ४. तालिमको आयोजना तथा व्यवस्थापनः

क) तालिम आयोजना तोकिएकै समयमा प्रदेश खेलकुद विकास परिषदले गर्नुपर्नेछ ।

ख) तालिम सञ्चालनका लागि आयोजक कमिटि गठन गर्नुपर्ने छ ।

ग) आयोजक कमिटिको निर्णय अनुसार कार्य गर्नुपर्नेछ ।

सदस्य सचिव

घ) परिषद् बागमती प्रदेशका तालिम तथा प्रतियोगिता शाखा प्रमुख संयोजक तथा प्रदेश स्काउट कार्यालय, बागमती प्रदेशको अधिकृत सचिब रहनेगरी पाँच सदस्यीय देहाय बमोजिम आयोजक कमिटि गठन गरिनेछः

- तालिम तथा प्रतियोगिता शाखा प्रमुख, परिसद - १ जना संयोजक
- अधिकृत, प्रदेश स्काउट कार्यालय, बागमति . प्रदेश- १ जना सचिब
- अधिकृत, युवा तथा खेलकुद मन्त्रालय, बागमति प्रदेश- १ जना सदस्य
- प्रदेश खेलकुद विकास परिषद, बागमति . प्रदेश- १ जना सदस्य
- नेपाल स्काउट, बागमति. प्रदेशका कार्यालय प्रमुखले तोकेको १ जना सदस्य

तालिम सहभागिः ६४ जना

प्रदेश सदश्यः १५ जना

कोर्स लिडरः २ जना

काउन्सेलरः १० जना

सर्भिस टिमः २० जना

व्यवस्थापनः २० जना

श्रोत व्यक्ति : ५ जना

अतिथिः ५० जना

जम्माः १८६

आयोजक समितिको काम कर्तब्य र अधिकारः

क० बि. टि. सी. / पी. टि. सी. तालिम संचालनकालागि मिति, समय, स्थान र ढाचा निर्धारण गर्ने ।

ख० तालिम स्थलका सम्बन्धित निकायहरु संग समन्वय गरी सकभर निशुल्क प्रशिक्षण स्थलको व्यवस्था मिलाउने ।

ग० तालिम संचालनकालागि आवश्यक स्काउट स्वयंसेवकको कोटा निर्धारण गरि परिचालन गर्ने ।

घ० तालिमको खर्च विवरण तयार गर्ने ।

ङ० दैनिक रुपमा सहभागीहरुलाई खाना तथा आवासको प्रबन्ध मिलाउने ।

च० कोर्स लिडरको सम्वनयमा तालिमको गुणस्तरियता कायम गर्ने ।

सदस्य सचिव

छ० कोर्सकोलागि आवश्यक सामग्री उपलब्ध गराउने ।

ज० प्रशिक्षार्थीको दैनिक तालिम उपलब्धिको मूल्यांकन गर्ने ।

झ० प्रशिक्षाथीबाट तालिमको पृष्ठपोषण लिने ।

ञ० तालिम पश्चात तालिमको प्रतिबेदन तयार गर्ने ।

## परिच्छेद — ३
## आर्थिक व्यबस्थापन

१. तालिममा सहभागि प्रशिक्षकले नियमानुसार दैनिक भ्रमण भत्ता पाउनेछन्

२. प्रशिक्षण बापत प्रतिदिन सोह्र सय प्रशिक्षण भत्ता पाउनेछन् । प्रशिक्षकले अनिबार्य रुपमा प्रशिक्षण सामग्री पेश गर्नु पर्नेछ।

३. बिशिस्ट व्यक्तिहरुलाई मायाको चिनो लगायतको जिन्सी सामग्री उपलब्ध गराउन सकिनेछ ।

४. आयोजक समितिले अबश्यकता अनुसार अन्य भैरपी आउने खर्चको पुस्टि गरि नियम अनुसार खर्च गर्न सकिनेछ ।

**५ प्रमाण पत्र तथा मायाको चिनोको व्यवस्थापनः**

क) तालिमका अतिथि तथा सहजकर्ताहरुलाइ मायाको चिनोको व्यवस्था आयोजक कमिटिले तोके बमोजिम हुनेछ ।

सदस्य सचिव

सचिव

## परिच्छेद—४

२.७.२९.१ स्काउट कार्यक्रम संचालन व्यवस्थापन

क) तालिम सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति कोर्स लिडर, सहायक कोर्स लिडर, काउन्सेलर, सर्भिस टिम र स्टाफ तथा प्रदेश स्काउटले जारी गरेको स्काउट तालिम संचालन कार्यविधि २०७९ वमोजिम हुनेछ ।

ख) स्काउट तालिम सामग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीका साथै अन्य प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ ।

ग) खरिद गरिएका तालिम सामग्रीहरु आम्दानी खातामा जनाइ अनिवार्य स्टोर दाखिला गर्नुपर्ने छ ।

## परिच्छेद-५

## प्रचलित कानुन वमोजिम हुने

क) यस कार्यविधिमा उल्लेखित विषय यस कार्यविधि वमोजिम हुने अन्य कुराको हकमा नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वीकृत प्रचलित कानुन वमोजिम हुने छ ।

## परिच्छेद-६

## अनुगमन तथा मुल्याङ्कन

क) अनुदान रकमको उद्येश्य अनुरुप काम भए नभएको परिषद्बाट नियमित तथा आकस्मिक अनुगमन हुन सक्ने छ । अनुगमनका क्रममा अनुदान रकमको दुरुपयोग हिनामिना भएको पाईएमा प्रचलित कानुन वमोजिम अशुल उपर गरि जिम्मेवार कर्मचारी / पदाधिकारीलाई कानुनी कारवाहीको दायरामा ल्याईने छ ।

सदस्य सचिव

सचिव